नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
(..............................शाखा)

फोन नं. : ४२२०८५०, ४२२०९१२, ४२२७९२६
फ्याक्स नं. ४२२७६७५

संकेत नं. :-
पत्र संख्या :-
चलानी नं. :-

पो. ब. नं. - ८६०
बबरमहल, काठमाडौं
Email: info@dnpwc.gov.np
http//:www.dnpwc.gov.np

प्रेस बिज्ञप्ति

**हिउँ चितुवामा स्याटेलाइट कलर  जडान**

नेपालको हिमाली क्षेत्रमा पाइने हिउँचितुवा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को अनुसुचि १ मा संरक्षित  वन्यजन्तुको रुपमा रहेका २७ प्रजातिका स्तनधारी मध्यको एक प्रजाति हो / सन २००९ को अध्ययन अनुसार नेपालमा ३०१ देखि ४०० सम्म हिउँ चितुवा रहेको अनुमान गरिएको छ / ३००० मिटर भन्दा माथिको उचाईमा पाइने हिउँचितुवा नेपालको करीब २८००० वर्ग किलोमिटर क्षेत्रफलमा विचरण गरेको पाइन्छ /

कंचनजंघा संरक्षण क्षेत्रमा ४ वटा हिउँ चितुवामा Satellite Collar गरी अध्ययन अनुसन्धान गर्न नेपाल सरकार वन तथा भू संरक्षण मन्त्रालय (सचिवस्तर) को २०७०/०५/१७ को निर्णय अनुसार अध्ययन अनुसन्धानको कार्य जारी रहेको छ / यसै क्रममा मिति २०७४/०१/२५ गतेका दिन बिहान ७ बजे कंचनजंघा संरक्षण क्षेत्रभित्र यालुंग भन्ने स्थानमा चौथो हिउँ चितुवामा Satellite Collar जडान गर्ने काम सम्पन्न भयो /

यस हिउँ चितुवाको विवरण निम्न छ /

| | |
|---|---|
| नाम | यालुंग |
| लिंग | पोथी |
| शारीरिक अवस्था | सामान्य |
| उमेर | अन्दाजी ३ बर्ष |
| तौल | ३० किलोग्राम |
| लम्बाई (टाउको देखि पुच्छर सम्म) | ८० से.मी |

यस अघि सोहि संरक्षण क्षेत्र भित्र २०७०/०८/१० मा १ भाले, २०७२/०२/०७ मा १ भाले र २०७३/०१/२७ मा १ पोथी गरी ३ वटा हिउँ चितुवामा Satellite Collar जडान गर्ने काम सम्पन्न भैसकेको थियो / यस पटक  Satellite Collar जडान गरे समेत अब कंचनजंघा संरक्षण क्षेत्रमा रहेका हिउँ चितुवाहरु मध्ये २ भाले र २ पोथी गरी जम्मा ४ वटा हिउँ चितुवामा जी पी एस प्रबिधि युक्त Satellite Collar जडान गरिएका छन् / यसबाट हिउँ चितुवाको वासस्थान, विचरण क्षेत्र, आनीबानी आदिका बारेमा जानकारी लिन सकिन्छ /

नेपाल सरकार, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागको नेतृत्वमा कंचनजंघा संरक्षण क्षेत्र कार्यालय, कंचनजंघा संरक्षण क्षेत्र परिषद, डब्लु डब्लु एफ नेपाल, राष्ट्रिय प्रकृति संरक्षण कोष, स्थानीय हिउँ चितुवा संरक्षण समिति र स्थानीय उपभोक्ताको समलग्नतामा यो कार्य भएको हो / यस कार्यमा समलग्न सबैलाई धन्यबाद दिन चाहन्छु /

७४/२/२

मन बहादुर खड्का
महानिर्देशक


नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
(.............................................................. शाखा)

फोन नं. : ४२२०८५०, ४२२०९१२, ४२२७९२६
फ्याक्स नं. ४२२७६७५

संकेत नं. :-
पत्र संख्या :-
चलानी नं. :-

पो. ब. नं. - ८६०
बबरमहल, काठमाडौं
Email: info@dnpwc.gov.np
http//:www.dnpwc.gov.np

नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
२०३७



मिति २०६८।१।२५ मा satellite collar जडान गरीएको हिंउ चितुवा



२०६८/२/२